निर्वाचन आयोग, नेपाल
# जिल्ला निर्वाचन कार्यालय
सङ्खुवासभा

दर्ता ८८३
२०८२।०८।१६

प.सं. :- २०८२।८३
चि.नं. ८९

मिति :– २०८२।०८।१६
नेपाल सम्वत् ११४६ थिंलाथ्व: १३, बुधवार

१ श्री खाँदबारी नगरपालिका, २ श्री चैनपुर नगरपालिका, ३ श्री मादी नगरपालिका,
४ श्री धर्मदेवी नगरपालिका, ५ श्री पाँचखपन नगरपालिका, ६ श्री चिचिला गाउँपालिका,
७ श्री भोटखोला गाउँपालिका, ८ श्री मकालु गाउँपालिका, ९ श्री सभापोखरी गाउँपालिका,
१० श्री सिलिचोङ गाउँपालिका, सङ्खुवासभा ।

**विषय :– मतदाता नामावली अद्यावधिक (दाबी विरोध) कार्यक्रम प्रकाशन सम्वन्धमा ।**

प्रस्तुत विषयमा निर्वाचन आयोगको मिति २०८२/०८/०४ गतेको निर्णय बमोजिम मिति २०८२ फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको सन्दर्भमा सम्वत् २०८२ फागुन २० गतेसम्म १८ वर्ष पूरा भएका मतदाताहरुको अद्यावधिक विवरण तयार गरी अन्तिम नामावली प्रकाशन गर्ने स्वीकृत कार्यक्रमको अनुसूची-१ बमोजिमको क्रियाकलापका साथ कार्यक्रम सञ्चालन हुने भएकोले **मतदाता नामावली अद्यावधिक (दाबी विरोध) कार्यक्रम, २०८२** यसै पत्रसाथ पठाइएको छ । त्यहाँ स्थानीय तह अन्तर्गतका वडा कार्यालयहरुमा मिति २०८२/०४/१३ गते देखि हालसम्म बसाँइसराइ/मृत्यु दर्ता भएको विवरण उपलब्ध गराई निर्वाचनको कार्यमा सहयोग गरिदिनहुन साथै उक्त अनुसूची-१ बमोजिमको सूचना त्यहाँ स्थानीय तह र अन्तर्गतका वडा कार्यालयहरुको सूचनापाटीमा टाँस गरिदिने व्यवस्थाका लागि समेत सादर अनुरोध छ ।

२०८२।०८।१६
..........................
(सन्तोष राई)
जिल्ला निर्वाचन अधिकारी

**संलग्न :-**
१. मतदाता नामावली अद्यावधिक (दाबी विरोध) कार्यक्रम, २०८२ सम्वन्धी सूचना पाना-३ ।
२. अनुसूची-१ बमोजिमको मतदाता नामावली अद्यावधिक कार्यक्रम सम्बन्धी सूचनाको पाना-१।

फोन: ०२९-५६०२७३, ०२९-५६३१४५
Tel.: 029-560273, 029-563145
E-mail: deo.sankhuwasabha@election.gov.np, Facebook:
https://www.facebook.com/hellodistrictelectionoffice.shankhuwashabha
'फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता गरौं ।'

अनुसूची-१

(मतदाता नामावली अद्यावधिक कार्यविधि, २०८१ को दफा ४ को उपदफा (२), दफा ६ को उपदफा (१), (३), (४) र दफा १३ को उपदफा (३), (१०) सँग सम्बन्धित)

प्रमुख नाम दर्ता अधिकारीको कार्यालय, ........

**मतदाता नामावली अद्यावधिक कार्यक्रमसम्बन्धी सूचना**

मतदाता नामावली अद्यावधिक कार्य २०८२ साल मङ्सिर र पुस महिनामा देहायका क्रियाकलाप सहित सञ्चालन हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। सबै मतदाताले आफ्नो विवरण हेरी कुनै विवरण अद्यावधिक गर्नुपर्ने भएमा निम्नानुसारको मिति र स्थानमा सूचना तथा निवेदन पेश गर्न आयोग अनुरोध गर्दछ।

| क्र.सं. | क्रियाकलाप | देखि | सम्म | कार्य सम्पादन हुने स्थान/सम्पर्क गर्ने स्थान |
|---|---|---|---|---|
| १ | आयोगको वेबसाइटमा मतदाता नामावली प्रकाशन गर्ने | २०८२/०८/२० | | https://www.election.gov.np |
| २ | मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन निवेदन दिने | २०८२/०८/२१ | २०८२/०८/२७ | अनलाइन (https://applyvr.election.gov.np) वा निर्वाचन कार्यालय |
| ३ | कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने | | | |
| ४ | कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने | | | |
| ५ | मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि सूचना दिने | | | |
| ६ | वडा कार्यालयमा दर्ता भएका निवेदन प्राप्त गर्ने, बसाइँ सरी अन्यत्र गएका वा मृत्यु भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीबाट र नागरिकता त्याग गरेका मतदाताको विवरण जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गर्ने र सूचना/निवेदन प्राप्त नभए तापनि कुनै मतदाता बसाइँ सरी गएको, मृत्यु भएको, नागरिकता त्याग वा रद्द भएको प्रमाणित विवरण प्राप्त गर्ने | २०८२/०८/२१ | २०८२/०८/२७ | निर्वाचन कार्यालय |
| ७ | उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिने | २०८२/०८/२८ | २०८२/०९/०१ | निर्वाचन कार्यालय |
| ८ | मतदाता नामावलीबाट हटाउने सम्बन्धमा आवश्यक छानबीन गरी प्रमुख नाम दर्ता अधिकारीले त्रुटि सच्याउने, नाम हटाउने लगायत कानून बमोजिम निर्णय गर्ने | २०८२/०९/०२ | २०८२/०९/०५ | निर्वाचन कार्यालय |
| ९ | नाम हटाइएको सूचना निर्वाचन कार्यालय र सम्बन्धित वडा कार्यालयमा प्रकाशन गर्ने र फरक फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भए सोको छुट्टै विवरण तयार गरी जिल्लामा अद्यावधिक भएको डाटासंगै आयोगमा पठाउने | २०८२/०९/०६ | २०८२/०९/०९ | निर्वाचन कार्यालय र वडा कार्यालय |
| १० | अन्तिम मतदाता नामावली प्रकाशन गर्ने | २०८२/०९/१५ | | निर्वाचन आयोग |